## अध्याय सात

# अन्धकारको बाटोमा

### निष्कर्ष विनाको वार्ता

म नेपाल फर्कने बित्तिकै केशव नयाँ कार्यालय प्रमुख ध्रुव महर्जनसँग कार्यालयमा आउनुभयो । उहाँ स्पेसको स्थापनाकालीन सदस्यमध्ये एक हुनुहुन्थ्यो र त्यस बेलासम्ममा उहाँ सभे द चिल्ड्रेन, युके[1] नामको बेलायती गैससमा कार्यरत हुनुहुन्थ्यो । केशवजस्तै ध्रुव पनि हँसिलो अनुहार भएको फरासिलो व्यक्ति हुनुहुन्थ्यो । तर कमैयासँग सम्बन्धित क्षेत्रमा उहाँको यो पहिलो संलग्नता भएको हुँदा काम सुचारू गर्न सकिएला कि नसकिएला भन्ने आशङ्का ममा रह्यो ।

---

१ सेभ द चिल्ड्रेन, युके (Save The Children, UK) सन् १९१९ मा बेलायतमा स्थापना गरिएको गैसस हो । यसको स्थापना प्रथम विश्व युद्धमा पराजित भएका देशहरू जर्मनी तथा अष्ट्रियाका बालबालिकाको उद्धारलाई प्रमुख उद्देश्य राखी गरिएको हो । संस्थापकमध्येका एकजना एग्लैन्टाइन जेवको "बालअधिकारसम्बन्धी अवधारणा" पछि गएर संयुक्त राष्ट्र सङ्घको "बालअधिकारसम्बन्धी महासन्धि" को आधार बन्न पुग्यो । हाल तीसओटा जति सेभ द चिल्ड्रेनका अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सयभन्दा बढी मुलुकहरूमा कार्यक्रम सञ्चालन भइरहेका छन् । साथै युद्ध, प्राकृतिक प्रकोप आदिबाट प्रभावित बालबालिकाहरूको लागि आकस्मिक सहायताबाहेक विकासको लागि सहयोग, बालश्रम, बालसेनासम्बन्धी समस्यासँग सम्बन्धित शिविरहरू पनि सञ्चालनमा छन् ।

उहाँहरू आउनुको खास कारण कार्यालय प्रमुख परिवर्तन भएकोले भेटघाटको साथसाथै आगामी दिनमा सञ्चालन गरिने बर्दिया जिल्लाको प्रस्तावित गतिविधिमाथि छलफल गर्नलाई थियो । त्यसमा स्पेसले पुनर्स्थापित बासिन्दाहरूको वर्तमान जीवननिर्वाहमा केन्द्रित एक वर्षे सर्वेक्षणको आवश्यकतालाई प्रस्तावित गरेको थियो । साथै सर्वेक्षण मात्र नभएर आवश्यक देखिएका क्षेत्रमा परीक्षणको रूपमा सहयोग कार्यक्रम सुरु गर्ने सोच पनि ल्याइएको थियो ।

उहाँहरूले पेश गर्नु भएको 'परीक्षण सहयोग क्रियाकलाप' मा साक्षरता कार्यक्रम, करेसाबारी निर्माणका साथै 'कनरा आयोगलाई सहयोग' पनि समावेश गरिएको थियो । साथै "कनरा आयोगमा एकजना स्थायी कर्मचारी राख्ने र त्यसको लागि एक वर्षे पारिश्रमिकको व्यवस्था हुनुपर्ने" प्रस्ताव रमेशको मागबमोजिम राखिएको थियो । स्पेसले यस प्रस्तावलाई स्वीकार गरेमा कनरा आयोग व्यवस्थित हुने, त्यसको क्षमतामा वृद्धि हुने भएकोले स्पेसको एकपक्षीय सर्वेक्षणमा सहयोग पुग्ने तथा विविध जानकारी हासिल गर्न सकिने अपेक्षा गरिएको थियो । कनरा आयोगसँग गहिरो सम्बन्ध भयो भने हालको एकल नेतृत्वमा निर्भर रहेको यस संस्थालाई प्रजातान्त्रिक प्रक्रियामा लगी काम गर्ने भनेर पनि सोचिएको थियो ।

यस सम्बन्धमा जापानमा प्राप्त भएको प्रतिवेदनमा उल्लिखित 'कनरा आयोगको स्थानीय वामपन्थी पार्टीसँग घनिष्ट सम्बन्ध छ' भन्ने एउटा कुराले मलाई घचघच्याइरहेकोले मैले "अलि गम्भीरतापूर्वक विचार गर्दा राम्रो हुन्छ कि !" भनें । तर स्पेसबाट पुनः उही प्रस्ताव दोहोऱ्याइयो र त्यसको लागि अनुदानस्वरूप १८ हजार रुपियाँ माग गरियो । मैले "पारिश्रमिक दिनुभन्दा अगाडि कनरा आयोगसँग अग्रिम कुराकानी गरी प्रमाणिक तरिकाले पुष्टि हुने कुरा" लाई सर्त मानी स्पेसको प्रस्तावमा शाप्ला नीर, टोकियो कार्यालयबाट परामर्श लिनुपर्छ भनी जवाफ दिएँ ।

तर टोकियो कार्यालयले भने पहिले नै सर्वेक्षणको निरन्तरताबारे शङ्कास्पद दृष्टिले हेऱ्यो । यसभन्दा अगाडि नै ६ महिना सर्वेक्षण गरिसकिएको छ, फेरि त्यसको दोब्बर समय लाग्ने कुरा अति लामो समय देखियो । टिप्पणीमा "राजनीतिक परिस्थितिलगायत, नेपालस्थित आवासीय प्रतिनिधिको सुरक्षालाई समेत ध्यानमा राखी पुनर्विचार गरियोस्" लेखिएको थियो । त्यसमा उल्लेख नगरिए तापनि कनरा आयोगलाई सहयोग गर्ने सन्दर्भमा सतर्कता अपनाएको महसुस मलाई भयो । वास्तवमा पुनर्वास क्षेत्रको सर्वेक्षण सुरु गर्ने समयको

छलफलमा पनि 'आदिवासीको समस्यामा विदेशी गैससले प्रत्यक्षरूपमा सम्बन्ध राख्दा आइपर्नसक्ने जोखिम' प्रति टोकियो कार्यालयले चिन्ता लिनु स्वाभाविकै थियो । उताबाट आएको फ्याक्स पढ्दा मलाई फेरि समस्या उत्पन्न हुने त होइन भन्ने लाग्यो । यसअगाडि केशवसँग कुराकानी हुँदा उहाँ रमेशको सम्बन्धमा पहिलेदेखि नै सकारात्मक भएजस्तो लाग्यो ।

टोकियो कार्यालयको खबरअनुसार यस विषयमा कुराकानी गर्नका लागि अक्टोबर महिनामा कार्यालय प्रमुख कावागुची नेपाल आउने हुनुभयो । स्पेस र टोकियो कार्यालयलाई दुई पक्षको भिन्दाभिन्दै विचारलाई कसरी समन्वय गर्ने भन्ने गाह्रो काम सुम्पिइने भइयो । त्यस बेलासम्म मेरो विचार टोकियोको कार्यकारी विभागले सजिलै स्वीकार नगरे तापनि कार्यालय प्रमुख कावागुचीले मलाई जुनै पनि काममा सहयोग गर्नुहुन्थ्यो । तर कनरा आयोगको सम्बन्धमा त सोच्दै नसोचिएको उल्टो तर्क पो आयो । त्यसको आधार यस्तो थियो, "विदेशी गैरसरकारी संस्थाले नेपालको राजनीतिक समस्याप्रति सम्बन्ध नराखी आफ्ना क्रियाकलाप सञ्चालन गर्नुपर्ने सर्त छ । विशेष गरी आदिवासीका जग्गाजमिनसम्बन्धी समस्या संवेदनशील हुने हुनाले वामपन्थीसँग सम्बन्ध राखी कनरा आयोगप्रति हेलचेक्र्याइँ गरेमा शाप्ला नीरको नेपालस्थित कार्यक्रम रोक्नुपर्ने स्थिति आउन सक्छ ।"

तथापि कनरा आयोगको सम्बन्धमा अहिले 'कुनै पनि किसिमको सहयोग नगर्ने' भन्ने जवाफ दिन पनि नमिल्ने अवस्था रहेको हो कि भन्ने कुरामा म चिन्तित थिएँ । ध्रुवलाई चाहिँ पूर्वकार्यालय प्रमुख केशव र रमेशबीच के कस्ता कुराकानी भएका छन् भन्नेबारेमा खासै केही थाहा थिएन । तर जुनसुकै तरिकाले भए पनि कनरा आयोगलाई सहयोग गरेमा अवश्य पनि राम्रो हुन्छ होला भन्ने सोच्नुभएको थियो । तर त्यसको सम्भावना चाहिँ पटक्कै थिएन ।

अन्ततः ध्रुवले "पारिश्रमिकको रूपमा सहयोग गर्ने नभएर स्पेसले कमैयासँग सम्बन्धित सर्वेक्षणको लागि कनरा आयोगसँग निश्चित सर्तमा सम्झौता गरी प्रतिवेदन प्रस्तुत गर्ने र सर्वेक्षणमा लाग्ने खर्च उपलब्ध गराएमा कस्तो होला ?" भन्ने प्रस्ताव राख्नुभयो । "संस्थालाई सहयोग गर्ने नभई सर्वेक्षण काम सुम्पेमा राम्रो होला कि" भन्नुभयो । कावागुचीले पनि यो कुरा बुझिदिनु भएकोले हामीले यससम्बन्धी रमेशसँग कुराकानी गर्ने निधो गर्‍यौं ।

बर्दियाजस्तो ठाउँमा शाप्ला नीर वार्तामा प्रत्यक्ष संलग्न हुनु नजाती होला कि भनेर कावागुची र म एक ठाउँमा बस्यौँ, ध्रुव एक्लै रमेशसँग कुरा गर्न जानुभयो ।

“स्पेस जस्तो विकास सहयोगको क्षेत्रमा लागेको गैससले जग्गा अतिक्रमणको उद्देश्य बोकेको कनरा आयोगलाई प्रत्यक्ष सहयोग गर्नु उपयुक्त हुँदैन । तर स्पेसले दिने सर्वेक्षणको जिम्मेवारी बोक्ने हो भने त्यसबापतको खर्च व्यहोर्न सकिन्छ” भन्ने कुरा मोटामोटी रूपमा आयो । तर रमेशले “यो कुरा त पहिले नै स्पेससँग मिलिसकेको छ” भन्न थाले । अन्तसम्म पनि कुनै सहमतिको कुरा हुन सकेन । यसरी निष्कर्ष विना नै वार्ता टुङ्गिन गयो ।

## रमेशको विरोध

काठमाडौँ आएपछि स्पेसको प्रस्तावबारे पुनः छलफल गरियो । अब सर्वेक्षण अवधिलाई सन् १९९६ को नोभेम्बरदेखि १९९७ को अप्रिलसम्मको ६ महिनामा सीमित गर्ने कुरा भयो । त्यसमा साक्षरता कार्यक्रम र करेसाबारीको सहयोग क्रियाकलाप समावेश गरिएकोले पहिलो चरणको सर्वेक्षण अवधिको लागि चार गुणा बढी, ८ लाख रुपियाँको बजेट छुट्ट्याइयो । तर अर्कोतिर ‘कनरा आयोगको सहयोग’ सम्बन्धी सम्पूर्ण खर्च कटौती गरियो । यसरी दोस्रो चरणको सर्वेक्षण नाजुक अवस्थाबाट सुरु हुने भयो ।

आशङ्का तुरून्तै सत्यमा परिणत भयो । त्यस बेलासम्म स्पेस कै कर्मचारीको रूपमा काम गरिरहेका रमेशले सर्वेक्षणको काममा सहयोग गर्ने कुरालाई स्वीकार गरेनन् । त्यस क्षेत्रको प्रतिवेदन अनुसार उनले स्पेस, कनरा आयोग र शाप्ला नीरको बीचमा पसेर बाधा पुऱ्याउने त होइनन् ? भन्ने अर्को आशङ्का जन्म्यो । उनको भित्री चाहना शाप्ला नीरसँग प्रत्यक्षरूपमा कुरा गर्न खोजेको जस्तो देखियो ।

रमेशले किन यस्तो कुरा गरेको होला ? मैले एकपटक अहिलेसम्मको सम्पूर्ण प्रक्रियालाई फर्केर हेर्दा विभिन्न पक्षहरू भेट्टाएँ ।

हामीले पहिलोपटक रमेशलाई भेट्दा त्यति बेला प्रायः शाप्ला नीरसँग सम्बन्धित व्यक्तिहरू थियौँ (हेर्नोस् पृष्ठ ८२-८३) । हुन त स्पेसका श्रीराम पनि थिए । तर उनी थारू समुदायका भए पनि २०-२५ वर्षका जवान भएकाले पाका कार्यकर्ता रमेशको दृष्टिकोणमा अपरिपक्व नै देखिए होलान् । तर शाप्ला

नीरबाट भने कार्यालय प्रमुख र नेपालस्थित आवासीय प्रतिनिधिको सहभागिता थियो । उनलाई प्रत्येकको पदीय जिम्मेवारीबारे जानकारी दिइएको थिएन । तर जापानी गैससका मुख्य सदस्यहरू आएकोले त्यसको प्रभाव परेको थियो होला ।

स्पेसको प्रतिवेदनअनुसार हामीहरू पुनर्वास क्षेत्रमा पुग्नुभन्दा पहिले अन्य गैससहरू पनि त्यहाँ आएका रहेछन् । तर इनार खन्ने, छाना छाउने जस्ता कार्यक्रमबाहेक कसैले पनि तिनीहरूको काममा ध्यान दिएजस्तो लागेन । त्यस ठाउँमा जापानी गैससका तीनतीनजना ठूला मान्छे आएर रमेशले लेखेको कनरा आन्दोलनको रेकर्डमा उत्सुकता देखाउँदा स्पेसको सर्वेक्षण शाप्ला नीरसँगको भेटघाटपछि मात्र सुरु भयो भनेर सोचेको भए पनि त्यो अस्वाभाविक भने होइन ।

अर्कोतिर रमेशको सम्बन्धमा सहयोग अस्वीकार गर्ने शाप्ला नीर नभई स्पेस थियो । त्यसमा पनि स्पेसको तर्फबाट कनरा आयोगको सहयोगमा सक्रिय हुनेमा केशव नभएर अहिले ध्रुव हुनुहुन्थ्यो । यी विभिन्न कारणले गर्दा होला रमेशले "स्पेसले नबुझे पनि शाप्ला नीरले त बुझ्नुपर्ने हो नि" भन्ने सोचेको होला ।

रमेशद्वारा स्पेसप्रति असहयोगी भावना देखाउन थालेको कुरा चिन्ताजनक भए तापनि त्यति बेलासम्म पुनर्वास क्षेत्रका कुनै बासिन्दाले स्पेसको विरोध गरेका थिएनन् । रमेशको व्यक्तिगत कुरामा भएको विरोधबाट सर्वेक्षणमा राम्रो सहयोग नपुगे तापनि अवरोध नै उत्पन्न गर्नेखालको भने थिएन ।

## प्रत्यक्ष वार्ता

दोस्रो चरणको सर्वेक्षण सुरु भएको एक महिनापछि डिसेम्बर महिनामा कार्यक्षेत्रमा स्पेसका कर्मचारीलाई लक्षित गरी पिआरए तालिम सञ्चालन गरियो (हेर्नोस् पृष्ठ ८०-८१) । सर्वेक्षणमा बढीभन्दा बढी बासिन्दाको नेतृत्व विकास गराउने कुरालाई जोड दिई तालिम योजना बनाइएको थियो । तालिमको निरीक्षणार्थ म दुई महिनापछि बर्दिया गएँ । ध्रुव पनि मसँगै जाने कुरा भएको थियो । तर उहाँको विशेष काम परेकोले जान पाउनु भएन ।

म तालिम स्थलमा पुग्दा सर्वेक्षण टोलीका सदस्यहरू त्यस दिनको कार्यक्रम भर्खर सकेर रमेशलाई भेट्न जान लागेका थिए । उनीहरू रमेशले अझै पनि शाप्ला नीर र कनरा आयोगबीच फाटो ल्याउने स्पेस नै हो भन्ने सोचेकोले उसको त्यो भ्रम हटाउनका लागि कुरा गर्न जाँदै थिए । यो कुरा सुनेपछि तत्काल

मैले सोचेँ, "त्यसो हो भने म आफैँले रमेशलाई भेटी कनरा आयोगको सहयोग सम्बन्धमा समस्या आएको स्पेसको कारणले गर्दा होइन, यो त शाप्ला नीर स्वयंको विचारमा आधारित कुरा हो भनी स्पष्ट पारेमा राम्रो होला ।"

भाग्यवश पिआरए तालिमका सहभागीमध्ये एक जना अङ्ग्रेजी भाषामा पोख्त रहेछन् । उनलाई अङ्ग्रेजीबाट नेपाली भाषामा उल्था गरिदिन अनुरोध गरेँ ।

लक्ष्मणा गाउँमा रमेशलाई भेटी हामीले कुरा सुरु गर्‍यौँ । यसपटक चाहिँ रमेशको भ्रम हटाउनै पर्ने भएकोले म आफैँ अगाडि बढेर कुरा सुरु गरेँ ।

"आजकल सर्वेक्षणमा पनि त्यति सहयोग गर्नु भएजस्तो लाग्दैन, किन होला ?"

"पहिले भन्दा फरक भएर कुरा नमिलेकोले ।"

"यहाँले सहयोगको माग राख्नुभएको कुरा मैले पनि स्पेसमार्फत सुनेको छु । तपाईंहरूले अहिलेसम्म जग्गाप्राप्तिको अभियानमा देखाउँदै आउनुभएको साहस र धैर्यको म व्यक्तिगत रूपमा सम्मान गर्दछु । तर स्पेसको प्रतिवेदनअनुसार कनरा आयोग नेकपा एमालेसँग सम्बन्धित रहेको भन्ने कुरा आयो । शाप्ला नीर विदेशी गैसस भएकोले सरकारबाट पनि मध्यस्थको भूमिका निर्वाह गर्न जोड दिइएको छ । कनरा अभियानको मुख्य मुद्दामा शाप्ला नीरको कुनै विरोध छैन । तर यसले कुनै पार्टी विशेषसँग सम्बन्धित संस्थालाई सहयोग गर्न असमर्थ छ ।"

"सरकारसँग जग्गा प्राप्तिको लागि माग गर्दा राजनीतिक शक्ति भएका पार्टीलाई उपयोग नगरी भएन । नेकपा एमालेसँग मात्र होइन, हाम्रो मागलाई जुन पार्टीले समर्थन गर्छ, त्यसैसँग सम्बन्ध राख्ने हो । फेरि कनरा आयोग नेकपा एमालेअन्तर्गतको सङ्गठन पनि त होइन ।"

"यदि कनरा आयोगको कुनै पार्टी विशेषसँग सम्बन्ध छैन भने सहयोग गर्ने सम्भावना पनि रहन्छ । तर त्यसो भयो भने पनि पारिश्रमिक यहाँबाट व्यहोर्ने कुराबाहेक अनुबन्धित कर्मचारीको के कस्तो भूमिका हुने भन्ने कुरा पहिले नै हामीसँगै मिलाउनुपर्ने हुन्छ । हामीले पुनर्वास क्षेत्रमा सञ्चालन गरिने विकास कार्यमा सहयोग गरे तापनि जग्गाप्राप्तिको अभियानमा त सहयोग गर्न सकिँदैन ।"

"यो कुरामा पहिले नै एक पटक सहमति भइसकेको हो । अब अहिले आएर विकास कार्यमा सहयोग गर्न सकिने तर जग्गाप्राप्तिको अभियानमा सहयोग गर्न नसक्ने भन्ने हो भने तिमीहरूलाई जे मन लाग्छ, त्यही गर," रमेश झोक्किँदै बाहिर निस्के ।

हामीले रमेशलाई सन्तुष्ट पार्न सकेनौँ । तर कमसेकम उनले स्पेसले शाप्ला नीर र कनरा आयोगबीच फाटो ल्याउन खोजिएको होइन रहेछ भन्ने कुरा चाहिँ बुझे कि । अब उनको प्रतिक्रिया कस्तो हुने हो भनी खुल्दुली हुन थाल्यो । तर मलाई भने त्यसपछि हुने सम्पूर्ण कुराको जिम्मेवारी स्पेसका स्थानीय कर्मचारीलाई सुम्पेर काठमाडौँ जानुपर्‍यो ।

## सर्वेक्षण कार्य स्थगन

ठीक त्यसै बेला अर्को स्थानीय साझेदारी संस्था सिएसडिले सञ्चालन गरिरहेको कृषि विकास परियोजनासित सरकारी परियोजनाको कार्यक्षेत्र जुध्ने समस्या उठेछ । त्यसलाई मिलाउन म सन् १९९७ को जनवरीमा सिएसडिको मुख्य कार्यालयका कर्मचारीहरूसँग दुई हप्ताको लागि कार्यक्षेत्रमा जानुपर्ने भयो । सरकार, सिएसडि र स्थानीय बासिन्दा तीनै पक्षको बीचमा एउटा सहमति कायम गरी म काठमाडौँ फर्के । ध्रुव एउटा जरूरी खबरका साथ मलाई पर्खेर बस्नुभएको रहेछ ।

पहिलेको कुराकानीमा सहमत हुन नसकेका रमेशले म बर्दियाबाट हिँडेपछि एकदम रिसाएर पुनर्वास क्षेत्रका सबै बासिन्दालाई "अबदेखि कसैले पनि स्पेसलाई कुनै सहयोग नगर्नू" भन्ने निर्देशन दिए अरे । जनवरीदेखि स्पेसले 'परीक्षणको रूपमा सहयोगको क्रियाकलाप' अन्तर्गत करेसाबारीमा लगाउने उन्नत जातको तरकारीको बीऊ वितरण गर्न थालेको थियो । तर रमेशको डरले गर्दा बासिन्दाहरूले स्पेसबाट लिइसकेको बीऊसमेत फिर्ता गरेछन् । परावर्तनबाट सुरु भएको महिला साक्षरतासम्बन्धी कक्षा पनि तातो रगत भएका स्थानीय युवाहरूको "यसरी नै जबर्जस्ती काम गर्ने हो भने तिमीहरूलाई केही भएमा थाहा छैन है" भन्ने चेतावनीले गर्दा बीचैमा नरोकी नहुने भयो ।

ध्रुवजीले यससम्बन्धमा मबाट सकेसम्म छिटो जवाफ खोज्नुभएको रहेछ । तर म काजको सिलसिलामा बाहिर भएकोले उहाँ एक्लै बर्दिया गएर सर्वेक्षण टोलीसँग पनि भावी समन्वय नीतिबारे कुरा गरी आएको सुनाउनुभयो । जे भए पनि अहिलेको अवस्थामा सर्वेक्षणलाई निरन्तरता दिन सम्भव देखिँदैन । फेरि यसरी नै गाउँमा बसिरहँदा सर्वेक्षण टोलीका व्यक्तिहरूलाई पनि खतरा हुनसक्ने भएकोले एकचोटि सबै काठमाडौँ फर्केर रमेशको रिस शान्त नहुँदासम्म पर्खने हो कि भन्ने विचार उनीहरूको थियो ।

पुनर्वास क्षेत्रका बासिन्दाहरूले रमेशका अगाडि स्पेसलाई सहयोग गरेका छैनौँ भने तापनि ध्रुवजीले एक्लाएक्लै सोद्धाखेरि स्पेसलाई सहयोग गर्ने विचार भएका बासिन्दाहरू पनि कम थिएनन् । त्यसैले केही समयपछि बासिन्दाको पहिलेको अर्को सङ्गठन 'खेल' मार्फत पुनः सर्वेक्षणको निकास खोज्नपाए हुन्थ्यो भन्नुभयो । खास योजना यसप्रकारको थियोः बासिन्दालाई "जसरी भए पनि फर्केर आउँछन्" भन्ने देखाउन सर्वेक्षण टोली फर्कने बेलामा पनि उनीहरूको सामान गाउँमा नै छोडेर जाने । त्यसपछि स्पेससँग मिल्ने बासिन्दाहरूले निरन्तर रूपमा काठमाडौँमा स्पेसको प्रमुख कार्यालयमा टेलिफोनमार्फत खबर आदानप्रदान गरी स्थानीय अवस्थाको जानकारी लिने । रमेशको रिस शान्त भयो भने ध्रुव बर्दियामा गई 'खेल' का अध्यक्षसँग सम्पर्क राखी पुनः सर्वेक्षण सञ्चालन गर्नका लागि रमेशलाई सम्झाउन अनुरोध गर्ने ।

म कार्यक्षेत्रमा सँगै जान नसकेको कारणले गर्दा विस्तृत कुरा त मलाई पनि थाहा थिएन । त्यसैले उहाँको कुरामा सहमति जनाउनु बाहेक अरू केही उपाय भएन ।

## स्पेसको असन्तुष्टि

काठमाडौँ फर्केर आएको सर्वेक्षण टोलीले स्पेसको कार्यालयमै बसोबास गरी त्यति बेलासम्ममा सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गर्ने काम सुरु गऱ्यो । म पनि त्यसमा संलग्न हुन खोजेको थिएँ । तर ध्रुवले "हामी आफैँ योजना बनाउँछौँ, तयार नहुञ्जेल पर्खनुस्" भन्नुभयो । मैले "अहिलेसम्मको प्रगति विवरण भए पाउँ न त" भनेँ । तर केही पनि उपलब्ध भएन ।

त्यसपछि ध्रुव बेलाबेलामा बर्दिया गएर 'खेल' का अध्यक्ष तथा कनरा आयोगका अरू सदस्यहरूसँग भेटघाट गरेपछि मात्र सर्वेक्षण टोलीले बनाएको योजनाअनुसार अघिल्लो सर्वेक्षण अवधिको अन्तिममा, अप्रिल महिनादेखि बल्ल कार्यक्षेत्रमा सर्वेक्षणको पुनः थालनी भयो । निश्चय पनि सुरुको योजनाअनुसार धेरै नै ढिलो भइसकेको थियो । शाप्ला नीरको आगामी वर्षको कार्ययोजना तथा बजेटमा समावेश गर्नका लागि पनि स्पेसको प्रतिवेदन थियो । म्याद नाघिसक्यो, अप्रिल मसान्ततिर "ध्रुव बिरामी भई उपचारार्थ घरमै हुनुभएकोले प्रतिवेदन तयार भएको छैन" भनी स्पेसबाट खबर आउँदा त म तीनछक परेँ ।

धेरैचोटि ताकेता गर्दा पनि म्याद नाघेको एक हप्तापछि, मे महिनाको ९ तारिखमा बल्ल प्रतिवेदन आइपुग्यो । तर त्यो प्रतिवेदन जम्मा तीन पृष्ठको मात्र थियो ।

त्यसमा पनि सर्वेक्षणको निष्कर्षको सट्टा शाप्ला नीरद्वारा बासिन्दा तथा स्पेससँग सम्पर्क राख्ने तरिकाबारे आलोचना मात्र थियो । त्यो पढेर म त कालोनिलो भएँ । कमैया पुनर्वाससम्बन्धी दोस्रो चरणको सो सर्वेक्षण प्रतिवेदन यस्तो थियो:

***भूमिका***

*बर्दिया जिल्ला, कमैया पुनर्वासको सर्वेक्षण प्रतिवेदन प्रस्तुत गर्नुअगाडि स्पेसको आन्तरिक स्थितिबारे संक्षिप्त जानकारी गराउन चाहन्छु ।*

*पूर्व कार्यालय प्रमुखले स्पेस मुख्य कार्यालयको कार्यभार नयाँ कार्यालय प्रमुखलाई हस्तान्तरण गर्ने समयमा बर्दिया जिल्लामा सर्वेक्षण टोलीका संयोजक[२]ले करारअवधिको समाप्तिका कारण कार्यक्षेत्र छोड्नुपऱ्यो । परिणामस्वरूप केही दिन सर्वेक्षण टोलीका बाँकी सदस्यहरूले मात्र भए पनि सर्वेक्षणलाई निरन्तरता दिनुपऱ्यो । यसरी मुख्य कार्यालय र कार्यक्षेत्र दुवैमा प्रमुखको स्थान रिक्त हुन पुग्यो ।*

*पूर्व कार्यालय प्रमुख नयाँ कार्यक्षेत्रमा सरूवा हुनुभएको र नयाँ कार्यालय प्रमुखले अक्टोवर महिनादेखि मात्र कार्यभार सम्हालेको हुँदा बीचमा निकै रिक्तताको स्थिति रहन पुग्यो । नयाँ कार्यालय प्रमुख सुरुको पहिलो दिनदेखि नै सिन्धुली जिल्लाको क्रियाकलापसम्बन्धी वार्षिक योजना तथा बजेट सम्पादन कार्यमा व्यस्त रहनुभयो । त्यो कामले गर्दा बर्दिया जिल्लाको सर्वेक्षणको लागि समय दिन सक्नुभएन र स्थलगत जानकारी लिन पनि निकै समय लगाइयो ।*

***दोस्रो चरणको अनुसन्धान कसरी सञ्चालन भयो ?***

*बर्दिया जिल्लाको दोस्रो चरणको अनुसन्धानमा सुरुदेखि नै समस्या थियो । यो समस्या कनरा आयोगका प्रमुख रमेश चौधरीले स्पेस समक्ष आर्थिक सहयोगको माग गरेबाट सुरु भएको हो । त्यसमा पनि उनको आफ्नो सङ्गठनलाई बलियो बनाई बर्दिया जिल्लाको कमैयाबारे आफैँले अनुसन्धान गर्ने चाहना देखिन्थ्यो । स्पेसले त्यो मागप्रति विचार गर्ने भन्ने जवाफ दिएर विस्तृत रूपमा सहयोगको लागि रकम चाहिँ शाप्ला नीर समक्ष प्रस्तुत गर्ने प्रस्तावमा उल्लेख गऱ्यो । शाप्ला नीरका नेपालस्थित आवासीय प्रतिनिधिले सुरुमा त्यो मागप्रति चिन्ता*

---

[२] अनिल भट्टराईलाई सम्बोधन, पृष्ठ ८४ हेर्नोस् ।

जनाए तापनि अस्वीकार भने गरेनन् । त्यो प्रस्ताव स्पेसका भूतपूर्व तथा वर्तमान दुवै कार्यालय प्रमुखको रोहवरमा शाप्ला नीरको नेपालस्थित आवासीय प्रतिनिधिलाई हस्तान्तरण गरियो ।

तर पछि जापानबाट कार्यालय प्रमुख कावागुची नेपाल आउँदा कावागुची र सादामाचु दुवैले "कनरा आयोगको राजनीतिक पार्टीसँग गहिरो सम्बन्ध छ" भन्ने कारण देखाई कनरा आयोगलाई आर्थिक सहयोग दिन अस्वीकार गरे । वास्तवमा कनरा आयोगको गहिरो सम्बन्ध राजनीतिक पार्टीसँग छ कि छैन भन्नेबारे यसै प्रतिवेदनमा पछि उल्लेख गर्ने छु । जे भए तापनि स्पेस कार्यालय प्रमुखले कावागुची र सादामाचुसँगको कुराकानीअनुसार स्पेसले जिम्मा दिएको सर्वेक्षणको खर्चको रकम व्यहोर्ने सर्तमा कनरा आयोगका लागि सहयोगको सम्भावना छ भन्ने कुरा भएको हो ।

तर सुरुको सहमतिअनुसार स्पेसबाट आर्थिक सहयोग गर्न नसकिने कुराको जानकारी पाएपछि मात्र रमेशमा स्पेसप्रति असहयोगको भावना बढेको देखिएको हो । अझ त्यसमाथि सादामाचुले रमेशसँग प्रत्यक्ष रूपमा कुराकानी हुँदा "कनरा आयोगको नेकपा एमालेसँग गहिरो सम्बन्ध छ भन्ने कुरा स्पेसको प्रतिवेदनमा उल्लेख भएकोले त्यस्तो सङ्गठनलाई आर्थिक सहयोग दिन सकिँदैन" भन्नुभयो । तर वास्तवमा स्पेसले शाप्ला नीरलाई बुझाएको प्रतिवेदनमा "कनरा आयोगको नेकपा एमालेसँग गहिरो सम्बन्ध छ" भनेर उल्लेख गरेकै थिएन ।

यी विभिन्न कुराकानीपश्चात् रमेशले "स्पेसले जासुसी क्रियाकलाप गरिरहेको छ" भनेर रिसको झोँकमा पुनर्वासका बासिन्दाहरूलाई स्पेसलाई सहयोग नगर्न निर्देशन दिएका हुन् । यसप्रकार स्थानीय क्षेत्रको सर्वेक्षणमा दोहोरो मार पर्न गयो । तर यस्तो हुनुमा स्थानीय क्षेत्रको सर्वेक्षण टोलीमा हालका कार्यालय प्रमुखको पनि केही दोष छैन । यस्तो कुरा उल्लेख गर्‍यौँ भन्दैमा हामीले कुनै व्यक्तिलाई दोष दिन खोजेको होइन, वास्तविक परिस्थितिलाई जाहेर गरेको मात्र हो । तर यसपटकको अनुभवबाट हामीले धेरै कुराको ज्ञान हासिल गर्न सक्छौँ ।

दोस्रो चरणको सर्वेक्षणअवधिको त्यत्रो समय हामीले कनरा आयोगको आर्थिक सहयोगसम्बन्धी समस्या समाधानमै बिताउनुपर्‍यो । सुरुमा विभिन्न क्रियाकलाप सञ्चालन गर्ने योजना रहेको भए पनि तिनको कार्यान्वयनसम्बन्धी सम्पूर्ण प्रयास खेर गए ।

## यसपालिको अनुसन्धानबाट हासिल गरेको ज्ञान

१) अहिलेसम्मको सर्वेक्षणको समीक्षा गर्दा हामीले कनरा आयोगको अस्तित्वलाई सुरुदेखि नै महत्त्व दिँदै आएका थियौँ । यो कुरा सुरुमा स्पेसले शाप्ला नीरलाई पेश गरेको सर्वेक्षण योजना प्रतिवेदनमा पनि प्रस्ट उल्लेख गरिएको छ । अर्कोतिर हामीले सर्वेक्षणका लागि कनरा आयोगबाट धेरै समय लिए पनि तिनीहरूको सहयोगको मागलाई अस्वीकार गऱ्यौँ । यसलाई एउटा विडम्बना नै मान्नुपर्दछ । वास्तवमा स्थानीय सर्वेक्षण टोलीमा यस किसिमको काममा सैद्धान्तिक आधार कमजोर भएको हो कि भन्ने महसुस पनि भयो । यदि हामीले मध्यम तथा उच्च वर्गका बुद्धिजीवीलाई यस किसिमको सर्वेक्षणको लागि अनुरोध गऱ्यौँ भने पनि त्यसवापत ठूलै रकमको माग गरिन्छ भन्ने यथार्थलाई नकार्न सकिँदैन ।

कनरा आयोगको आर्थिक सहयोगको माग सम्बन्धमा स्पेसले सकारात्मक जवाफ दियो कि दिएन भन्ने प्रश्न आफ्नै ठाउँमा छ । तर केवल आर्थिक मामिलाको कारणले सर्वेक्षण स्थगन गर्नु उचित होइन । स्थानीय क्षेत्रमा कार्यरत संस्था स्पेसलाई पनि केही अधिकार प्रदान गर्नु आवश्यक छैन होला र ? यसले हाम्रो सम्बन्धमा लचकताको अभाव रहेको जनाउँदछ । यसपालिको अनुभव हाम्रो लागि धेरै दुःखद थियो । सर्वेक्षण टोलीले यो समस्याको समाधान गर्न वास्तवमा लामो समयसम्म दुःखकष्ट भेल्नु परेको थियो ।

२) "कनरा आयोगको राजनीतिक पार्टीसँग गहिरो सम्बन्ध छ" भन्ने बारेमा पनि फरक दृष्टिकोणले हेर्नु आवश्यक छ । त्यस बेला विभिन्न राजनीतिक पार्टीले कनरा आयोगलाई आफ्नो प्रभावमा पार्न खोजेको कुरा यथार्थ हो । तर त्यसो भन्दैमा कनरा आयोग कुनै एक पार्टीअन्तर्गत रहेको सङ्गठन हो भन्नु गलत हो । हामीले कनरा आयोगलाई विशेष गरी पैरवीको क्षेत्रमा सहयोग गर्न सकिने हो कि भनेर सोचिरहेका छौँ ।

३) परावर्तन विधिको साक्षरता कार्यक्रम सञ्चालन गर्नुअगाडि स्पेसले अरू संस्थाद्वारा सञ्चालन गरिएका साक्षरता कार्यक्रमको प्रकृति, आकृति तथा विशेषताबारे राम्रोसँग अध्ययन गर्नु आवश्यक थियो । परावर्तनले खालि सूचना सङ्कलनलाई मात्र लक्षित गरी साक्षरता कार्यक्रम सञ्चालन गराइ पनि समस्याको विषय थियो । सो कार्यक्रममा गरिएको छलफलबाट निर्णय भई सुरु भएका क्रियाकलापका लागि पनि बजेट छुट्ट्याउनु पर्थ्यो । तर

त्यसो गरिएन । फेरि परावर्तन सञ्चालन गर्न पनि स्पेसले पूर्वसञ्चालित साक्षरता कार्यक्रमका अनुभवलाई प्रयोगमा ल्याउनु आवश्यक थियो ।[३]

४) यसपालिको अनुभवबाट हासिल गरेको शिक्षामध्ये यसप्रकारको अनुसन्धान सुरुआत गर्ने व्यक्तिले अन्तसम्म निरन्तरता दिनुपर्ने कुरा पनि एक हो ।

५) अर्को हो, “अनुसन्धान” भनेको स्थानीय बासिन्दाबाट सुनेका कुरालाई बाह्य क्षेत्रमा सार्वजनिक गर्नैपर्छ भन्ने छैन ।

६) शाप्ला नीरका प्रतिनिधिले कार्यक्षेत्रमा गएको बेलामा स्पेसबाट के कस्तो खालको सूचना प्राप्त भएको छ भन्ने कुरा स्थानीय बासिन्दालाई बताइहाल्नु कार्यक्षेत्रको क्रियाकलापका लागि सहयोगी हुँदो रहेनछ ।

७) प्रतिवेदनको सन्दर्भमा, स्पेसले शाप्ला नीरको लागि प्रतिवेदन दिने मात्र होइन, शाप्ला नीर स्वयंले बासिन्दासँग कस्तो किसिमको सम्बन्ध राखिरहेको छ भन्ने विषयमा पनि स्पेसमा प्रतिवेदन दिनु आवश्यक छ ।

८) वास्तवमा शाप्ला नीरका कार्यकर्ताहरूको कार्यक्षेत्र भ्रमणले धेरै नराम्रो असर पारेको थियो । जसका कारण स्थानीय बासिन्दाले दातृ संस्थासँग सोझै सम्पर्क राख्न पनि खोजे । हामी हाम्रो साझेदारी सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारेमा पनि स्पष्ट हुनु पर्दछ । अहिलेसम्मको स्पेसको अनुभवमा यसरी प्रत्यक्ष रूपमा कार्यक्षेत्रमा दाताको उपस्थिति रहेको उदाहरण देखिएको थिएन ।

९) यस किसिमको अनुसन्धानलाई सफलतापूर्वक अगाडि बढाउन मुख्य कार्यालय र कार्यक्षेत्रबीच निरन्तर सम्पर्क भइरहनु महत्त्वपूर्ण हुन्छ ।

१०) हामीले कार्यक्षेत्रमा के कस्ता खालका क्रियाकलाप गर्ने हो भन्ने सन्दर्भमा स्थानीय बासिन्दाले विगतमा विकाससम्बन्धी के कस्ता अनुभव सँगाल्ने गरेका छन् विचार गर्नु आवश्यक छ । बर्दिया जिल्ला वरपर स्पेसबाहेक अरू दातृसंस्थाले पनि क्रियाकलाप गरिरहेका हुनाले पुनर्वासीहरूमा स्पेसले पनि त्यस्तै खालका क्रियाकलाप सञ्चालन गर्ने त होला भन्ने किसिमको अपेक्षा गर्ने प्रवृत्ति देखिन्छ, जसको लागि ठूलो रकम तथा आर्थिक स्रोतको आवश्यक पर्ने देखिन्छ । तर...

११) यहाँसम्म पुनर्वासीहरूसँग सम्पर्क गरेअनुसार हामीले ‘खेल’ भन्ने तिनीहरूको मौलिक सङ्गठनसँग सम्बन्ध बनाउन सकिन्छ कि भनेर सोच्यौं । त्यस

---

[३] यससम्बन्धी पृष्ठ १३६-१३८ मा विस्तृत चर्चा गरिएको छ ।

*सङ्गठनका विभिन्न राम्रा पक्षहरू औँल्याउँदै जाँदा तिनीहरू धेरै खुशी भएको देख्यौँ । यस बेलाको हाम्रो कुराकानीको प्रभावले 'बादोगा' हरूले पनि 'खेल' को माध्यमबाट वस्तुगत विकासको थालनी कसरी गर्न सकिन्छ होला भनेर सोच्न थालेका छन् ।*

१२) *खासमा हामीले अब कनरा आयोग र 'खेल' दुवैसँग समान सम्बन्ध स्थापित गर्नुपर्ने देखिन्छ ।*

टोकियोबाट भोलिपल्ट नै नेपाल समितिको बैठक बस्ने भएकोले बर्दिया जिल्लाको दोस्रो चरणको सर्वेक्षणको प्रगति विवरण पेश गर्नु भनेर दबाब आइरहेको थियो । कनरा आयोगसँगको समस्याको कारणले गर्दा सर्वेक्षण बीचमै रोकिइराखेको कुरा टोकियोमा पनि थाहा दिइएको थियो । तर त्यसपछि कुनै पनि प्रतिवेदन नपठाइएको हुँदा ताकेता गर्नु स्वाभाविकै थियो ।

यसपटकको प्रतिवेदनमा लेख्न चाहेका थुप्रै असन्तुष्टिका कुराहरू पनि थिए । तर ती कुराहरू लेखिरहन पर्याप्त समय पनि थिएन । जे जस्तो भए पनि कनरा आयोगसँगको समस्याप्रति स्पेसको अहिले कस्तो विचार छ भन्ने कुरा पठाउनु नै उपयुक्त होला भनी आफ्नो विचार बदलेँ । सन्तुष्टि त थिएन, तर "कार्यालयलाई सान्दर्भिक जानकारीको रूपमा मात्र, नेपाल समितिका सदस्यलाई भने त्यो सर्कुलर नगर्नू" भन्ने लेखी मैले त्यो प्रतिवेदन त्यत्तिकै टोकियोमा पठाएँ ।

यति बेलादेखि एकाएक मेरो कपाल फुल्न थालेको थियो ।